# <u>सुदूरपश्चिम प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८१</u>

**<u>प्रस्तावनाः</u>** सुदूरपश्चिम प्रदेशभित्र सञ्चालनमा रहेका आमसञ्चार माध्यमको लागि लोककल्याणकारी विज्ञापनको निर्माण, प्रकाशन, प्रसारण गर्ने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) को अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्झनुपर्छ।

(ग) "लोककल्याणकारी विज्ञापन" भन्नाले सञ्चार माध्यमलाई मन्त्रालयमार्फत सम्प्रेषण गर्न उपलब्ध गराइने सार्वजनिक हितसम्बन्धी सूचना वा सन्देशलाई सम्झनुपर्छ।

(घ) "सञ्चार माध्यम" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई नियमित रूपमा सञ्चालनमा रहेका टेलिभजन, पत्रपत्रिका, रेडियो, एफ.एम. रेडियो र अनलाइन पत्रिकालाई समेत सम्झनुपर्छ।

३. **<u>लोककल्याणकारी विज्ञापनको लागि आवेदनः</u>** (१) लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणका लागि मन्त्रालयले १५ (पन्ध्र) दिनको म्यादभित्र सञ्चार माध्यमले मन्त्रालयमा निवेदन दिन राष्ट्रिय दैनिक पत्रिका तथा मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक सूचना आह्वान गर्नेछ।

(२) सूचनाको म्यादभित्र सञ्चार माध्यमले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पेस गर्दा देहायको कागजात संलग्न गर्नु पर्नेछः-

(क) प्रचलित कानुनबमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको प्रवन्धपत्र/विधान/विनियमावलीको प्रतिलिपि,

(ग) प्रचलित कानुनबमोजिम लिइएको इजाजतपत्र र अनुमतिपत्र नवीकरण गरेको प्रमाणको प्रतिलिपि,

(घ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अनलाइनको हकमा सूचना विभागबाट दर्ता र नवीकरणको प्रमाणपत्र, पत्रिकाको हकमा पत्रिकाको हकमा अन्तिम पटक प्रकाशन भएको पत्रिका र रेडियोको हकमा हुलाकबाट नियमित प्रशारणमा रहेको पत्र,

(च) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रसारण भएको प्रमाणपत्र,

(छ) सञ्चारमाध्यम सञ्चालनमा रहेको एक वर्ष पूरा भएको प्रमाणपत्र,

(ज) अख्तियारवाला बाहेक सञ्चार माध्यमले अन्य व्यक्ति पठाएमा अख्तियारीपत्र।

(४) तोकिएको म्यादभित्र तथा उपदफा (३) बमोजिमका कागजात पेस नगर्ने सञ्चार माध्यमलाई यस कार्यविधि बमोजिम लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने छैन।

४. <u>लोककल्याणकारी विज्ञापनको विषयवस्तु:</u> (१) मन्त्रालयले सञ्चार माध्यमलाई उपलब्ध गराउने सचेतनामूलक, जानकारीमूलक तथा सार्वजनिक हितसम्बन्धी विज्ञापनको विषयवस्तु अनुसूची-२ बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित विषयवस्तुका अतिरिक्त विज्ञापनको अन्य विषयवस्तु मन्त्रालयले तय गरे बमोजिम हुनेछ।

५. <u>लोककल्याणकारी विज्ञापन स्वीकृतिः</u> (१) मन्त्रालयले दफा ३ बमोजिम पेस हुन आएका आवेदनको मूल्याङ्कन गरी लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणको स्वीकृति प्रदान गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल कुनै लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्नुपर्ने भएमा मन्त्रालयको सचिवले त्यस्तो विज्ञापन निर्माण तथा स्वीकृत गरी प्रकाशन तथा प्रसारणको लागि सञ्चार माध्यमलाई पठाउन सक्नेछ।

(३) लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणको लागि छनौट भएका सञ्चार माध्यमको जानकारी मन्त्रालयले आफ्नो वेबसाइटमा राख्नु पर्नेछ।

६. <u>सञ्चार माध्यमले पालना गर्नुपर्ने सर्तहरू:</u> सञ्चार माध्यमले यस कार्यविधि बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्नको लागि देहायका सर्तहरू पूरा गरेको हुनु पर्नेछः-

(क) श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ र श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३ पालना गरेको,

(ख) विज्ञापन आचारसंहिता र पत्रकार आचारसंहिता पालना गरेको,

(ग) सम्झौता बमोजिम लोककल्याणकारी विज्ञापनको प्रकाशन तथा प्रसारण गरेको प्रमाणपत्र पेस गरेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश

(घ)नियमित प्रकाशन तथा प्रसारणमा आएको एक वर्ष पूरा भएको प्रमाण पेस गरेको,

(ङ)मन्त्रालयले तोकेको अन्य विषय।

७. <u>लोककल्याणकारी विज्ञापनको दररेटः</u> (१) लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सञ्चार माध्यमको लागि मन्त्रालयले निर्णय गरे बमोजिमको रकम उपलब्ध गराइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै कम्पनी वा संस्थाको दुई -भन्दा बढी सञ्चार माध्यम भएको खण्डमा बढीमा दुई सञ्चार माध्यमलाई विज्ञापन उपलब्ध गराउन बाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिमको रकम अनुसूची-३ बमोजिमको दररेटका आधारमा हुने गरी सम्झौता गरिनेछ।

८. <u>सम्झौता हुनु पर्नेः</u> सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्न चाहेमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँग अनिवार्य रूपमा सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा विज्ञापन प्रकाशन तथा प्रसारणको समय अवधि र रकम समेत उल्लेख गर्नु पर्नेछ।

९. <u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण बापत रकम भुक्तानीका लागि अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण बापतको रकम सञ्चार माध्यम सञ्चालन गर्ने संस्था वा सञ्चार माध्यमको नाममा रहेको बैंक खातामार्फत भुक्तानी गरिनेछ।

१०. <u>बिल विजक पेस गर्नेः</u> (१) सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरे बापतको बिल विजक भुक्तानी लिने समयमा मन्त्रालयमा अनिवार्य रूपमा पेस गर्नु पर्नेछ।

(२) सञ्चार माध्यमले उपदफा (१) बमोजिम बिल विजक पेस नगरेमा मन्त्रालयबाट लोककल्याणकारी विज्ञापन बापतको रकम भुक्तानी गरिने छैन।

११. <u>करकट्टी तथा कोष दाखिला गरी रकम भुक्तानी पठाइनेः</u> मन्त्रालयले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरेबापत सञ्चार माध्यमलाई रकम भुक्तानी गर्दा प्रचलित कानुन बमोजिमको कर कट्टी गर्नेछ।

१२. <u>भुक्तानी रोक्का हुनेः</u> लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरे बापत सञ्चार माध्यमले पाउने भुक्तानी मन्त्रालयले देहायको अवस्थामा रोक्का गर्न सक्नेछः-

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदूरपश्चिम प्रदेश

(क) सञ्चार माध्यमले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ तथा श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३ बमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई पारिश्रमिकलगायत सेवा सुविधा उपलब्ध नगराएको भनी सम्बन्धित आधिकारिक निकायबाट लेखी आएमा,

(ख) सञ्चार माध्यमले दफा ६ बमोजिमका सर्तहरू पालना नगरेमा,

(ग) सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापनको प्रकाशन तथा प्रसारण सम्झौतामा उल्लेख भए बमोजिम नगरेमा,

(घ) सञ्चार माध्यमले पत्रकार आचारसंहिता पालना नगरेको भनी प्रेस काउन्सिल नेपालबाट लेखी आएमा,

(ङ) सञ्चार माध्यमले विज्ञापन सम्बन्धी आचारसंहिता पालना नगरेको पाइएमा।

१३. <u>अनुगमनः</u> सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरे नगरेको विषयमा मन्त्रालयले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार माध्यमको कर्तव्य हुनेछ।

१४. <u>बाधा अड्काउ फुकाउनेः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदूरपश्चिम प्रदेश

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणका लागि दिने निवेदनको ढाँचा

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
सूचना तथा सञ्चार समन्वय शाखा
धनगढी, कैलाली।

प्रचलित कानुनको अधीनमा रही मन्त्रालयमार्फत् सञ्चार माध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्न देहायको विवरण सहित स्वीकृतिको लागि यो निवेदन पेस गरेको छुः-

(१)संस्थाको नामः

(२)सञ्चार माध्यमको नाम (कलसाइन),

(३)ठेगानाः

(४)सञ्चालन भएको स्थानः

(५)सम्पर्क नम्बरः

(६)प्रसारण संस्थाको प्रकारः (क) पत्रपत्रिका (ख) रेडियो (ग) एफ.एम. रेडियो (घ) टेलिभिजन (ङ) अनलाइन पत्रिका

(७)पत्रपत्रिकाको प्रकारः (क) दैनिक (ख) साप्ताहिक (ग) पाक्षिक (घ) मासिक

(८)रेडियोको क्षमता (वाट):

(९)टेलिभिजनको प्रकारः (क) भू-सतही (ख) भू-उपग्रह (ग) केबल

(१०) अनलाइन पत्रिका (नाम उल्लेख गर्ने)................................

<u>संलग्न कागजातहरू-</u>

(क) संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) इजाजतपत्र र अनुमतिपत्र नवीकरण गरेको प्रमाण,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको लेखापरीक्षण प्रतिवेदन,

(घ) अनलाइनको हकमा सूचना विभागबाट दर्ता र नवीकरणको प्रमाण पत्र, पत्रिकाको हकमा अन्तिम पटक प्रकाशन भएको पत्रिका र रेडियोको हकमा हुलाकबाट नियमित प्रशारणमा रहेको पत्र,

(ङ) अन्य व्यक्ति पठाएको अवस्थामा सञ्चार माध्यमले सम्झौता गर्न अख्तियारी दिएको कागज।

हस्ताक्षरः
नामः
पदः
ठेगानाः
फोन नं.
इमेलः
संस्थाको छापः

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदूरपश्चिम प्रदेश

अनुसूची – २

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

लोककल्याणकारी विज्ञापनको विषयवस्तु

(१)

आत्महत्या समस्याको समाधान होइन,
अमूल्य जीवन त्यसै खेर नफालौं,
समस्याको समाधान खोजौं ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

(२)

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

(३)

भ्रष्टाचार कानुनी, सामाजिक र नैतिक अपराध हो।

त्यसैले:

- कसैले नाजायज फाइदा लिन दिन खोजेमा,
- अनुचित दबाब सृजना गरी गैरकानुनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानुनी लाभ लिन दिन खोजमा,
- गैरकानुनी सम्पत्ति जम्मा गरेको पाइएमा,

त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो । त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खबर गरौं। भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

(४)

**गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं।**

- सलाई, लाइटर जस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठिक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
- चुरोट, बिंडीको प्रयोग गरी जथाभावी फालेको देखेमा आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालु अवस्थामा राखौं ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

(५)

प्रकृति सकिए जीवन सिद्धिन्छ ।त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं । वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं। ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

(६)

**<u>सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु</u>**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ? जानकारी राखौं,
- सर्पले टोकेका व्यक्तिलाई तुरून्त स्वास्थ्य संस्था, अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं,
- आफ्नो घर वरिपरि झाडी नराखौं र सधै वातावरण सफा राखौं।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदूरपश्चिम प्रदेश

(७)

**स्वास्थ्य नै धन हो ।**

**विभिन्न संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, अत्यावश्कीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।**

- संभव भएसम्म मास्क लगाऔं, सेवाग्राहीलाई पनि मास्क लगाउन सु-सूचित गरौं।
- सेवा प्रवाहमा निश्चित भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

(८)

**रक्तदान गरौं, जीवन बचाऔं।**

- रक्तदान दानमध्ये सबैभन्दा ठुलो दान अर्थात् जीवन दान हो।
- तपाई हामीले दिएको एक युनिट रगतले ३ जना सम्मको ज्यान बच्न सक्दछ।
- हरेक स्वस्थ व्यक्तिले ३-३ महिनामा रक्तदान गर्न मिल्दछ।
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ।
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एक मात्र उपाय हो।
- रक्तदानमा कुनै धर्म र जात हुँदैन।
- आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

आन्तरिक मामिला तथा कानुन

(९)

<u>खोप लगाऔं सुरक्षित रहौं ।</u>

खोप लगाएपछि पनि,

- सकेसम्म मास्कको नियमित प्रयोग गरौ।
- भिडभाडबाट बचौं।
- साबुनपानीले हात धोऔ।
- साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौ।
- शंका लागे तुरुन्त स्वास्थ्य परीक्षण गराऔं ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

(१०)

<u>खेतीयोग्य जमिनको उपयोग गरौं अर्थतन्त्रलाई बलियो बनाउँ।</u>

- खेतबारी तथा उर्वर भूमिलाई बाँझो नराखौं ।
- भूमिको अधिकतम उपयोग गरौं ।
- कृषिलाई आत्मनिर्भर मात्र होइन, व्यावसायिक बनाऔं ।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं ।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रलाई टेवा पुऱ्याउँ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

(११)

**लागुऔषध रहित परिवारः स्वस्थ जीवनको आधार**

- लागु औषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागु औषधले उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानुनतः दण्डनीय छ।
- गैरकानुनी गतिविधिमा आफू पनि नलाऔं, अरुलाई पनि लाग्न नदिऔं।
- स्वस्थ र सुखी परिवारको लागि लागु औषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

(१२)

<u>सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं।</u>

- आफूले प्रयोग गर्ने फेसबुक, ट्विटर, इन्स्टाग्राम लगायतका सामाजिक सञ्जालको एकाउन्ट प्रयोग पश्चात लगआउट गरौं।
- अरुलाई आफ्नो सामाजिक सञ्जालको पासवर्ड थाहा नदिउँ।
- साथीभाइ वा अन्य व्यक्तिको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो सेयर नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं।
- शंकास्पद तथा अशोभनीय सन्देशको प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रणमा सहयोग गरौं।

**सुदूरपश्चिम प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**धनगढी, कैलाली**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुदूरपश्चिम प्रदेश

अनुसूची-३

दफा ७ को उपदफा (३) सँग सम्बन्धित

लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सञ्चारमाध्यमको लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरे बापतको भुक्तानीको दररेट

(क)रेडियो तथा एफ. एम. रेडियोतर्फः

| क्र. सं. | वाट | रकम (भ्याट सहित) |
|---|---|---|
| १. | २५० सम्म | रु. १७०।- (प्रति मिनेट) |
| २. | २५० भन्दा बढी १००० सम्म | रु. १९०।- (प्रति मिनेट) |
| ३. | १००० भन्दा बढी | रु. २१०।- (प्रति मिनेट) |

(ख)टेलिभिजनतर्फः

| क्र. स. | प्रकार | रकम (भ्याट सहित) |
|---|---|---|
| १. | भू-उपग्रह | रु. २३७५।- (प्रति मिनेट) |
| २. | भू-सतही | रु. १३०५।- (प्रति मिनेट) |
| ३. | केवल | रु. ९५०।- (प्रति मिनेट) |

(ग) अनलाइन/पत्रपत्रिकातर्फः

| क्र. स. | प्रकार | रकम (भ्याट सहित) |
|---|---|---|
| १. | पत्रपत्रिका | रु. १५००।- (प्रति प्रकाशन) |
| २. | अनलाइन पत्रिका | रु. २००० ।- (प्रति हप्ता) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम प्रदेश

अनुसूची-४

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

भुक्तानीका लागि दिने निवेदनको ढाँचा

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

विषयः भुक्तानी सम्बन्धमा।

प्रस्तुत विषयमा सुदूरपश्चिम प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८१ बमोजिम यस संस्था/सञ्चार माध्यमले ............ महिनामा रु................. बराबरको विज्ञापन प्रकाशित गरेको हुँदा सो रकम भुक्तानी गरिदिनु हुन अनुरोध गर्दछु। साथै, उक्त विज्ञापनको प्रतिलिपि र विजक यसै साथ पेस गरेको छु।

निवेदक
व्यक्तिको नामथरः
पदः
हस्ताक्षरः
संस्था/सञ्चार माध्यमः
मितिः

संलग्न कागजातः

(१)प्रकाशित तथा प्रसारित विज्ञापनको छायाँप्रति/अडियो/भिडियो,
(२)विज्ञापनको बिल विजक,
(३)सम्झौता,
(४)अन्य आवश्यक कागजात।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुदूरपश्चिम प्रदेश